आज मिति २०८१ कार्तिक ०५ गते सोमबारका दिन गाउँपालिका अध्यक्ष श्री गणेश बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसेका गाउँ कार्यपालिकाको वैठकको उपस्थिति, प्रस्ताव तथा निणयहरु ।

**उपस्थिति**

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री गणेश बहादुर के.सी. | अध्यक्ष | |
| श्री डोल्मा माया गोले | उपाध्यक्ष | |
| श्री राम प्रसाद घिमिरे | सदस्य | |
| श्री जोनी कुमार न्यासुर | सदस्य | |
| श्री मनोज कुमार पराजुली | सदस्य | |
| श्री कृष्ण प्रसाद तिमल्सिना | सदस्य | |
| श्री भुमिनन्द घिमिरे | सदस्य | |
| श्री विनोद चौरेल | सदस्य | |
| श्री लक्ष्मी संजेल | सदस्य | |
| श्री देवी माया लामा | सदस्य | |
| श्री मन्दिरा तिमल्सिना घिमिरे | सदस्य | |
| श्री रेनुका सन्जेल | सदस्य | |
| श्री गुप्त वहादुर वराम | सदस्य | |
| श्री चित्रा कुमारी विश्वकर्मा | सदस्य | |
| श्री सुरेश न्यौपाने (निमित्त.प्र .प्र.अ) | सचिव | |
| श्री पवित्र गौतम | का.ले.प | |
| श्री किमल राज काफ्ले | लेखापाल | |

बैठकका एजेण्डाहरु:

१. गाउँसभाको विशेष अधिवेशन आव्हान गर्ने सम्वन्धमा ।

२. पुनर्वास सम्बन्धमा ।

३. खानेपानी पाईप सम्वन्धमा ।

४. तार जाली खरिद सम्वन्धमा ।

५. विविध सम्वन्धमा ।

निर्णयहरु:

निर्णय नं १: गत आश्विन १०-१२ गतेसम्म परेको अविरल वर्षाका कारण बाढी पहिरो गई गाउँपालिकामा घर, बाटो, सडक, भौतिक संरचना, पुल, झोलुङ्गे पुल, सार्वजनिक कार्यालय, विद्यालय लगायत ठूलो जनधनको क्षति भएको छ । विपद्बाट श्रृजित संकटग्रस्त अवस्था तथा कष्टपूर्ण जनजीवनलाई सामान्य गराउन पुनर्निर्माण, पुनर्स्थापना तथा पुनर्वास लगायतका कार्य गर्न गाउँपालिकामा श्रोतको अभाव रहेकोले चालु आ.ब. ०८१/०८२ मा गाउँसभांको बैठकबाट स्वीकृत भएका पूँजिगत कार्यक्रमहरुबाट विपद् व्यवस्थापन शिर्षकमा श्रोतको रकमान्तर गर्न गाउँसभाको विशेष अधिवेशन आगामी मिति २०८१ कार्तिक २६ गते सोमबार आव्हान गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं २: विपद्का कारण घर गोठ बगाएर लगेका तथा जोखिमयुक्त घर गोठका कारण विस्थापनको अवस्थामा पुगेका महाङ्काल गाउँपालिकाका बाढी पिडित जनताहरुको पुनर्वासका लागि वडा कार्यालयबाट आवश्यक प्रकृया पूरा गरी प्राप्त निवेदन अनुसार गाउँपालिकाका वडा अन्तरगतका देहायका स्थानलाई पुनर्वासका लागि तोक्ने निर्णय गरियो ।

प्रस्तावित स्थानहरु:

वडा नं १ को विमिरेचौर

वडा नं २ को टुटुवा डाँडा र सानावास खर्क

वडा नं ३ को खोरभञ्ज्याङको माथिल्लो भाग

निर्णय नं ३: विपद्बाट क्षतिग्रस्त भएका यस गाउँपालिकाका खानेपानीको संरचनाहरुबाट खानेपानी आपूर्ति सूचारु गर्नका लागि आवश्यक पाईप खरिद गरी सबै वडाहरुमा आवश्यकतानुसार वितरण गरी खानेपानी समस्या समाधान गर्ने सर्वसम्मत निर्णय गरियो ।

गणेश बहादुर के.सी.
अध्यक्ष

निर्णय नं ४ का सम्बन्धमा विपद्बाट ध्वस्थ भएको गाउँपालिकाको भौतिक संरचनाहरूको मर्मत तथा सम्भार गर्न ततत्त् संरचनासँग सम्बन्धित योजनाहरू प्रदेश र संघीय मन्त्रालय तथा कार्यालयहरुमा मर्मत तथा सम्भार गर्न तथा तार जाली उपलव्ध गराउने सम्बन्धमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ५ को विविध सम्बन्धमा छलफल गर्दा देहाय अनुसार गर्ने गरी सर्वसम्मतले निर्णय गरियो ।

क. यस गा.पा. अन्तरगत स्वास्थ्य चौकी/अस्पतालमा दरबन्दि अनुसारको ल्याव असिस्टेण्ट, सहायक चौथो तहमा कर्मचारी अभाव रही ल्याब सम्बन्धि कार्य गर्न अति आवश्यक भएको हुँदा ल्याव असिस्टेण्ट पदमा दैनिक ज्यालादारीमा काम गर्ने गरी तत्कालै नियुक्त गर्ने तथा सोही पदलाई करार सेवामा नियुक्ति गर्न प्रकृया अगाढी बढाउन गाउँपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ख. गाउँघर क्लिनिक सञ्चालन गर्न स्वास्थ्य शाखाबाट पेश भएको प्रस्ताव अनुसार रु. दुई लाख तीस हजार चारसय उपयुक्त शिर्षकबाट बजेट व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ग. स्वास्थ्य विमामा आवद्ध वीरामीहरुको लागि औषधी खरिद गरी वितरण गर्न स्वास्थ्य वीमाबाट भुक्तानी हुने गरी हाललाई रु. ५ लाख (पाँच लाख) बराबरको औषधी खरिद गरी मानीखेल अंस्पताललाई उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

घ. विपद्बाट महामारी फैलन नदिन स्वास्थ्य चौकी तथा अस्पतालमा औषधी तथा औषधीजन्य सामग्री खरिद गरी वितरण गरेकोमा सो खरिद वापतको रु ३,३८,५९०(तीन लाख अठतीस हजार पाँचसय नव्वे) तथा ढुवानी वापत रू.११,५००।– समेत गरी जम्मा रू. ३५०,०९० (तीन लाख पचास हजार नव्बे) विपद् व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

ङ. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट मिति २०८१/०६/२१ को पत्र पत्रमार्फत अनुरोध भई आए अनुसार "(२क) विभिन्न विपद्को अवस्थामा सूचिकृत वेरोजगार व्यक्तिहरुलाई परिचालन गरी तत्काल राहत तथा विपद् न्यूनीकरण गर्न उपदफा (२) बमोजिमको मर्मत सम्बन्धी रोजगार आयोजना सञ्चालन गर्न सक्नेछ ।" भन्ने व्यवस्था रहेकोमा सो सम्बन्धमा सूचना प्रकाशित गर्न कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

च. गाउँपालिकामा हेभि सवारी चालककोरुपमा करार सेवामा कार्यरत व्याक हो लोडर चालकद्वय श्री कपिल विष्ट र श्री प्रकाश गोलेलाई निजहरुको विपद् व्यवस्थापनार्थ रात दिनबाटो सरसफाई, पहिरो पन्छाउने लगायतको कार्य गरेवापत हाललाई एकमहिना बराबरको थप तलव उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

... बहादुर के.सी.
अध्यक्ष

छ. 'घ' वर्गको ईजाजतपत्र पाउ भनी तपशिल बमोजिमको निर्माण सेवाहरुले आवश्यक कागजातसहित निवेदन दिनु भएको हुँदा उक्त निर्माण सेवालाई 'घ' वर्गको ईजाजत दिने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

१ स्वेत बाराह कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि., महाङ्काल ४ ।

२ गुरुरेम्बोछे निर्माण सेवा, महाङ्काल २ ।

गणेश बहादुर के.सी.
अध्यक्ष